मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ८३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ माघ २५ गते मंगलवार (Tuesday, February 8. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


## जग्गा दिन्छु भनेर ठगी

**झापा, माघ २४।** नेपाल प्रहरीले भूमि आयोगको मान्छे बनेर जमिन दिलाइदिन्छु भनी सुकुम्वासीलाई ठगी गर्ने दुईजनालाई पक्राउ गरेको छ ।

महानगरीय प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरी टोलीले काठमाडौं महानगरपालिका-१६ स्थित भेटघाट क्याफेमा सुकुम्वासीलाई बोलाएर जग्गा दिलाइदिने भन्दै ठगी गर्ने झापाका ३८ वर्षीय होमनारायण चौधरी र बूढानीलकण्ठका ४४ वर्षीय उद्धव भण्डारीलाई पक्राउ गरेको हो ।

*(बाँकी अन्तिम पृष्ठमा)*

# वैशाख ३०मा स्थानीय चुनाव

**झापा, माघ २४।** सरकारले स्थानीय तहको निर्वाचन आगामी वैशाख ३० गते एकै चरणमा गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को सोमवारको बैठकले स्थानीय तहको निर्वाचन एकैचरणमा गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिए । तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्न निर्वाचनसम्वन्धी कानूनमा खासै परिमार्जन गर्न नपर्ने आयोगले सरकारलाई परामर्श दिएको थियो ।



राजनीतिक दलबीच संविधान र कानूनका विषयमा स्थानीय तहको निर्वाचनका सन्दर्भमा फरक बुझाई र विश्लेषण भएका कारण निर्वाचनको मिति घोषणालाई चासोका साथ हेरिँदै आएको थियो । यसअघि आयोगले सरकारलाई जेठ ४ गते एकै चरणमा निर्वाचन गर्न सुझाएको थियो ।

अघिल्लो हप्ता प्रधानमन्त्री देउवासँग भेटेका निर्वाचन आयोगका पदाधिकारीहरूले जेठ ५ गते अगावै स्थानीय तहको चुनाव सम्पन्न गर्नुपर्ने सुझाव दिएका थिए ।

त्यस्तै निर्वाचन आयोगले जेठ ४ गतेको मिति प्रस्ताव गर्दै प्रधानमन्त्रीलाई आफ्नो लिखित सुझाव नै पेश गरेको थियो । मन्त्रिपरिषद्को बैठक बसेर चुनावको मिति घोषणा गरिने अपेक्षा गरिएको थियो तर त्यो दिन मन्त्रिपरिषद् बैठक बस्न सकेन् ।

त्यसपछि यो हप्ता बसेको मन्त्रिपरिषद्को नियमित बैठकले चुनावको मिति तय गरेको हो । प्रधानमन्त्रीसँगको भेटपछि नै चुनावको तयारी अघि बढाइएको निर्वाचन आयोगका अधिकारीहरूले बताएका थिए ।

**कसले मत हाल्न पाउँछन् ?**

प्रधानमन्त्री देउवाले सत्तारूढ गठबन्धनमा आवद्ध नेकपा माओवादी केन्द्र र प्रमुख विपक्षी नेकपा एमालेका शीर्ष नेतासमेत सम्मिलित बैठकमा आइतबार स्थानीय चुनावको विषयमा पनि छलफल गरेका थिए ।

अघिल्लो साता एक अन्तरवार्तामा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आउँदो मन्त्रिपरिषद् बैठकबाट चुनावको मिति तोकिनेमा आफू ढुक्क रहेको बताएका थिए । उनले चुनावको मिति तोकिएको दिनसम्म १८ वर्ष पुगेका व्यक्तिहरूले चुनावमा मत हाल्न पाउने बताएका थिए । निर्वाचन आयोगले आगामी डेढ सातामा मतदाता नामावलीलाई अन्तिम रूप दिने जनाएको छ ।

अघिल्लोपटक करिब आठ अर्ब रुपैयाँमा स्थानीय

*(बाँकी अन्तिम पृष्ठमा)*

## कमल थापाले नयाँ पार्टी खोल्ने संकेत

**झापा, माघ २४।** पार्टीको महाधिवेशनमा निर्मल निवासले हस्तक्षेप गरेको आरोप लगाउँदै आएका कमल थापाले नयाँ पार्टी गठनको संकेत गरेका छन् ।

सोमबार पार्टी पदाधिकारी, केन्द्रीय सदस्य र पूर्वकेन्द्रीय सदस्यहरूसँग छलफल गर्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका पूर्वअध्यक्ष थापाले यस्तो संकेत गरेका हुन् ।

छलफलमा थापाले शुक्रबार अध्यक्ष राजेन्द्र लिङ्देनसँग संवाद भए पनि कुनै प्रगति नभएकाले स्थानीय तहको निर्वाचन घोषणा गर्दा समेत आफ्ना मुद्दा सम्वोधन नभए विकल्प खोज्ने भन्दै तयार भएर बस्न आग्रह गरेको बताइएको छ ।

थापाले आफूले विकल्प खोजेको अवस्थामा साथ दिन आग्रह गरे । तर, यसमा दवाव नदिने भन्दै उनले आफ्नो अन्तरआत्मालाई सुन्न सुझाव दिए । यद्यपि आफूले उठाएका विषयहरू सम्बोधन भए राप्रपामै बस्न तयार रहेको समेत थापाले बताए । भेलामा सहभागी राप्रपा पदाधिकारीहरूले भने अध्यक्ष लिङ्देनलाई दवाव दिने भन्दै हतारमा निर्णय नगर्न आग्रह गरेका छन् ।

छलफलमा सहभागी राप्रपा उपाध्यक्ष ध्रुवबहादुर प्रधानले थापा पार्टी विभाजन गर्ने पक्षमा नरहेको दावी गरे । उनले महाधिवेशनले दिएको जिम्मेवारीलाई बहन गर्दै पार्टीलाई एकताबद्ध बनाएर लैजान आफूहरू प्रतिवद्ध रहेको भन्दै त्यसका लागि अध्यक्ष लिङ्देनको भूमिका सबैभन्दा बढी हुने तर्क गरे ।

महामन्त्री कुन्ती शाहीले पार्टी विभाजनको पक्षमा पूर्वअध्यक्ष थापा नरहेको बताइन् । उनले पार्टी नेतृत्वले विगतमा पार्टीमा दुःख गरेका कुनै पनि नेता, कार्यकर्तालाई पार्टीभित्र समेटेर

*(बाँकी अन्तिम पृष्ठमा)*

# झापामा ८० हजार भूमिहीन, सुकुम्वासी !

**झापा, माघ २४।** झापामा भूमिहीन, सुकुम्वासीको संख्या झण्डै ८० हजार रहेको अनुमान छ ।

विगतका आयोगमा भूमिहीन, सुकुम्वासीले समेत फारम भरे पनि जग्गा नपाएको गुनासो आइरहेका बेला पछिल्लो समय भूमिहीनहरुको समस्या समाधानका लागि सरकार लागीपरेको छ । हरेक जिल्लामा राष्ट्रिय भूमि आयोग गठन गर्दै भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन गरिँदैछ ।

झापामा पनि आयोगले आफ्नो कामलाई तीब्र रुपमा अघि वढाएको आयोगका अध्यक्ष तिलक पाण्डेले बताए । पाण्डेका अनुसार विभिन्न पालिकासँग सहकार्य गर्दै यो आयोगले आफ्नो काम अघि बढाएको हो । सोमवार मात्रै भूमि आयोग र पाँच नगरपालिकासहित ६ वटा स्थानीय तहसंग समझदारी पत्रमा हस्ताक्षर भएको छ ।



अध्यक्ष पाण्डेका अनुसार गौरादह, अर्जुनधारा, मेचीनगर, भद्रपुर , बिर्तामोड नगरपालिकासहित बाह्रदशी गाउँपालिकासंग समझदारी-पत्रमा हस्ताक्षर भएको हो ।

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि,२०७८ को बुँदा नं.३ बमोजिम समझदारी पत्रमा हस्ताक्षर गरिएको अध्यक्ष पाण्डेले बताए ।

यता झापाको कनकाई र वुद्धशान्ति गाउँपालिकामा भने माघ १८ गतेबाट ३५ दिने सूचना जारी गर्दै लगत संकलनको काम धमाधम भइरहेको आयोगले जनाएको छ । पहिलो चरणमा माघ १८ गतेदेखि ३५ दिन भित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानमा खटिएका लगत संकलक मार्फत आफ्नो विवरण पेश गर्न र आफूले आवद्ध गरेको कमोत गरेको जग्गाको नाप नक्सा सम्वन्धी नापी टोली खटिए पश्चात गराउन आयोगले सूचना जारी गरेको हो ।

कनकाई र बुद्धशान्तिमा अहिले लगत संकलन, प्रवृष्ट, निशा प्रदान, नाप जाँच र दावी विरोधको काम भइरहेको अध्यक्ष पाण्डेले बताए । यो प्रक्रिया पूरा गरेपछि पालिकाले आयोग समक्ष पूर्जा वितरणका लागि सिफारिस गर्ने व्यवस्था रहेको उनको भनाइ छ ।

आयोगले काम अघि बढाएसँगै झापामा सुकुम्वासी समस्या समाधान आयोग हुने विश्वास लिइएको छ । यो आयोगले विगतका आयोगहरूले

*(बाँकी अन्तिम पृष्ठमा)*

## पत्रपत्रिका पुन:मूल्यांकनको माग

**बिर्तामोड, माघ २४।** प्रेस सेन्टर नेपाल झापाले हालै प्रेस काउन्सिल नेपालले गरेको पत्रपत्रिका वर्गीकरणप्रति असन्तुष्टि जनाउँदै पुनः मूल्याङ्कन गर्न माग गरेको छ ।

सेन्टरका झापा अध्यक्ष झुलन रेग्मीले सोमबार प्रेस विज्ञप्तिमार्फत पुनः मूल्याङ्कन गर्न माग गरेका हुन् । प्रेस काउन्सिलले प्रत्येक वर्ष देशभरबाट प्रकाशित पत्रपत्रिकाको वर्गीकरण गर्दै आएको छ ।

आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७को वर्गीकरण नतिजा विभेदपूर्ण भएको भन्दै प्रेस सेन्टर नेपाल झापाको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ । सेन्टरले पत्रपत्रिकाको वर्गीकरण नतिजा निष्पक्ष नदेखिएको तथा राजनीतिक आग्रह-पूर्वाग्रहका आधारमा वर्गीकरण

*(बाँकी अन्तिम पृष्ठमा)*


ठाकुर पोलिक्लिनिकमा काडमाडौंका बरिष्ठ डाक्टरहरूको सेवा

डा. रवीन्द्र सिमखडा
MD (Internal Medicine) DM (Cardiology)
बरिष्ठ मुटु रोग विशेषज्ञ
शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र काठमाडौंबाट यसपटक फागुन ७ गते शनिवार

डा. नेहा हुमागाँई मैनाली
MBBS (KU) MD (KU)
वरिष्ठ स्त्री रोग विशेषज्ञ
यसपटक फागुन १४ गते शनिवार

डा. रोमिला चिमरिया
MBBS, MD (PEDIATRICS)
बरिष्ठ बाल मुटुरोग विशेषज्ञ
नेपाल मेडिकल कलेज काठमाडौं
यसपटक फागुन १४ गते शनिवार

डा. विवेक रौनियार
MBBS, MD (NEURO Physician)
बरिष्ठ ढाड, टाउको तथा नशा रोग विशेषज्ञ यसपटक फागुन २१ गते शनिवार

सम्पर्क: पश्चिम बस स्टेण्ड, बिर्तामोड (झापा)
फोन नं. ०२३-५९०००८, ९८१७९६४७७१


## कार चोरी गर्ने पक्राउ

**मोरङ, माघ २४।** मोरङको बेलवारी नगरपालिका-१ सिनेमा हल अगाडिबाट कार चोर्ने ३ जना पक्राउ परेका छन् ।

आइतबार बिहान हराएको कार खोजी गर्ने क्रममा प्रहरीले सो कार र लागूऔषधसहित ३ जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा बेलबारी नगरपालिका-३का ३६ वर्षीय सुरज गुरुङ, केरावारी-१० का २५ वर्षीय तेजकुमार मगर र केराबारी-७का २६ वर्षीय नगेन्द्र लिम्बू रहेका छन् ।

मोरङ बेलबारी-३का ४३ वर्षीय रिक्तमान गुरुङले बेलबारी-१ सिनेमा हल अगाडि पार्किङ गरी राखेको अवस्थामा प्रदेश ३-०१-०२५ च ९७५० नम्बरको कार हराएको थियो । कार हराएको उजुरी बेलबारी प्रहरीमा दिएको आधारमा भएको खोजीका क्रममा कार सुन्दरहरैंचा नगरपालिका-७ विश्वकर्मा मन्दिरबाट फेला परेको थियो ।

कार फेला परेसँगै कारमा लागूऔषध डाइजेपाम ११ एम्पुल, एभिल ९ एम्पुल, फेनेर्गान १० एम्पुल र लुपिजेसिक १० एम्पुल गरी ४० एम्पुल पनि बरामद भएको छ । पक्राउ परेका तीनै जनाको विषयमा थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय बेलबारीले जनाएको छ ।

उता मोरङ सुन्दरहरैचा-७ स्थित विश्वकर्मा मन्दिर अगाडि सडकबाट नियन्त्रित लागूऔषध डाइजेपाम ११ एम्पुल, एभिल ९ एम्पुल, फेनारगन १० एम्पुल र लुप्रिजेसिक १० एम्पुल सहित ३ जनालाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा बेलबारी-१ बस्ने ३६ वर्षीय सुरज गुरुङ, केरावारी गाउँपालिका-१० बस्ने २५ वर्षीय तेजकुमार मगर र सोही गाउँपालिका-७ बस्ने २६ वर्षीय नगेन्द्र लिम्बू रहेका छन् ।

## विद्युत्को तार जोड्दा...

**ताप्लेजुङ, माघ २४।** ताप्लेजुङको फुङ्लिङ नगरपालिका-५मा बिद्युत्को तार जोड्ने क्रममा करेन्ट लागेर सोही नगरपालिका-४का ४८ बर्षीय सूर्यप्रकाश लिम्बूको मृत्यु भएको छ ।

सोमवार विहानको समयमा उक्त स्थानमा रहेको बिद्युत्को पोलमा चढेर तार जोड्ने क्रममा अचानक करेन्ट लागेर घाइते भएका लिम्बूको जिल्ला अस्पताल ताप्लेजुङमा उपचारको क्रममा मृत्यु भएको हो ।

उक्त घटनाको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङबाट थप अनुसन्धान भइरहेको बताइएको छ ।




# विवेकानन्दको प्रतिमा अनावरण

**बिर्तामोड, माघ २४।** बसन्त पञ्चमीको अवसरमा बिर्तामोडस्थित विवेकाश्रम तथा साङ्गवेद संस्कृत माध्यमिक विद्यालयमा नवनिर्मित सरस्वती मन्दिरको वैदिक विधिपूर्वक प्राणप्रतिष्ठा गरिएको छ।

आश्रम परिसरमै आश्रमका संस्थापक श्रोत्रिय ब्रह्मनिष्ठ ब्रह्मलिन श्री १०८ स्वामी विवेकानन्द पुरी महाराजको पूर्णकदको प्रतिमाको समेत अनावरण भएको छ।



आश्रम तथा विद्यालयको स्वर्णजयन्तीको बार्षिक कार्यक्रम अनुसार आश्रम परिसरमा स्थाानीय दाता लोकनाथ खनाल र दिलमाया खनालका सन्तति समेतको लगानीमा निर्मित सरस्वती मन्दिरको सरस्वती पूजाकै अवसरमा मूर्तिको प्राण प्रतिष्ठासहित समुद्घाटन गरिएको हो।

आश्रमका अध्यक्ष व्यासाचार्य किशोर गौतमको अध्यक्षतामा भएको उद्घाटन समारोहका प्रमुख अतिथि प्रथम भूमिदाता पण्डित नन्दिकेश्वर तिम्सिनाले दीप प्रज्ज्वलनसहित ब्रह्मलिन संस्थापकको पूर्णकदको प्रतिमाको अनावरण गरेका थिए।

गतबर्षदेखि शुरु भएको आश्रमको स्वर्णजयन्ती महोत्सवको पूर्णता वैश्विक महामारी कोरोना भाइरसका कारण स्थगित गरिए पनि स्वास्थ्य सुरक्षाको मापदण्डको पालना गर्दै संक्षिप्त कार्यक्रमकाबीच मन्दिर समुद्घाटन तथा प्रतिमा अनावरण गरिएको बताइएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा आश्रमका सचिव आचार्य छन्दुराम भण्डारीले स्वागत गरेको कार्यक्रममा नरनाथ गिरी, डा. पुण्यप्रसाद सिग्देल, प्रा. इन्दिराज पौडेल, प्रा. गोविन्द पौडेल, पण्डित विष्णुभक्त भण्डारी लगायतले शुभकामना दिएका थिए।

आश्रम परिसरमा निर्मित ब्रह्मलिन विवेकानन्द पुरीको प्रतिमा उहाँका शिष्य, प्रशिष्य, तत्शिष्यहरु र आश्रमको सहयोगमा निर्माण सम्पन्न भएको पण्डित राम ओझाले जानकारी दिए। कार्यक्रमको सञ्चालन प्रधानाध्यापक आचार्य दामोदर न्यौपानेले गरेका थिए।

# प्रदेश १: कुन मन्त्रालय कहाँ ?

**बिराटनगर, माघ २४।** प्रदेश १को सात सदस्यीय मन्त्रीमण्डल विस्तार भएर १३ सदस्यीय बनेपछि पहिलेकै मन्त्रालयहरु भएका भवन र केही नयाँ स्थानमा मन्त्रालय कायम भएको छ।

अहिलेको मन्त्रिपरिषद् विस्तारमा फुटेको मन्त्रालय हो साविकको सामाजिक विकास मन्त्रालय। कार्यविभाजनमा सामाजिक विकास मन्त्री बनेका राजन राईको कार्यकक्ष सोही मन्त्रालयको भूइँतलामा कायम भएको छ। स्वास्थ्यमन्त्री जयराम यादवले यसअघि सामाजिक विकास मन्त्रीकै कार्यकक्षमा पदभार ग्रहण गरेका छन्। सामाजिक विकास राज्यमन्त्री विष्णुमाया तुम्बाहाम्फेको कार्यकक्ष मन्त्रालयको सबैभन्दा माथिल्लो तलामा राखिएको छ।

खानेपानी मन्त्री रामकुमार राईको कार्यकक्ष साविकको पूर्वाधार मन्त्रालयको तेस्रो तलामा राखिएको छ भने सडक पूर्वाधार मन्त्री हिमाल कार्की यसअघिकै कार्यकक्षमा रहेका छन्। यसअघिको वन, पर्यटन मन्त्रालयको दुई भवनमध्ये एउटामा वनमन्त्री शेखरचन्द्र थापा र पर्यटनमन्त्री खिनु लङ्वा लिम्बूले नेतृत्व गरेको मन्त्रालय रहनेछन्।

यसअघिको कृषिमन्त्री झलकबहादुर दर्लामीको कृषि मन्त्रालयमा कृषि मन्त्रालयसहित अर्को मन्त्रालय पनि रहने भएको छ।

ओमप्रकाश सरावगीले नेतृत्व गरेको भूमि व्यवस्था, सहकारी मन्त्रालय पनि सोही परिसरमा रहनेछ। नवगठित सञ्चार मन्त्रालयका मन्त्री उपेन्द्र घिमिरेले प्रदेश योजना आयोगको कार्यालयमा पदभार ग्रहण गरेका छन्। उद्योगमन्त्री प्रतापप्रकाश हाङ्गामको मन्त्रालय मत्स्य विकास निर्देशनालयमा रहेको छ। उनले सोही भवनमा पदभार ग्रहण गरेका छन्।

# भारतीय मिडियामा सुष्माको ग्ल्यामर चर्चा



नेपाली अभिनेत्री सुष्मा अधिकारी यतिबेला भोजपुरी फिल्म उद्योगमा संघर्षरत् छिन्। सामाजिक सञ्जालमा सक्रिय सुष्माले आफ्ना ग्ल्यामर तस्वीरहरू पोष्ट गरिरहन्छिन्।

हालै मात्र उनले कालो पहिरनमा निकै बोल्ड तस्वीर इन्स्टाग्राममा शेयर गरेकी थिइन्। जुन तस्वीरलाई भारतीय मिडियाले विशेष स्थान दिएका छन्। उनको यो तस्वीर सामाजिक सञ्जालमा भाइरल बनिरहेको छ।

सुष्मा आफ्नो फेसन सेन्सका कारण चर्चामा आइरहन्छिन्। साडी, लेहंगादेखि क्याजुअल पहिरन तथा बिकिनीमा सुष्माले आफ्नो हट अवतार देखाउने गर्छिन्। सुष्माले इन्स्टाग्राममा राखेको पछिल्लो तस्वीरमा एक प्रयोगकर्ताले 'तपाई एकदम बेबी डल जस्तै देखिनुभएको छ'- भन्दै कमेन्ट गरेका छन्। त्यस्तै अर्का प्रयोगकर्ताले सुन्दरता र फिटनेसको रहस्य थाह पाउन खोजेका छन्।

सुष्माले अभिनयको सुरुवात नेपाली फिल्मबाट गरेकी हुन्। यसपछि उनले भोजपुरी फिल्ममा पाइला चालिन्। उनले 'दिवाना-२' र 'जय मधेस'लगायत हिट फिल्ममा अभिनय गरेकी छन्।

# एमसीसी: अन्तर्राष्ट्रिय सम्बन्ध समितिमा



**झापा, माघ २४।** अन्तर्राष्ट्रिय सम्बन्ध समिति सभापति पवित्रा निरौला खरेलले एमसीसीबारे अन्तर्राष्ट्रिय सम्बन्ध समितिमा छलफल गरिने बताएकी छिन्।

सांसदहरूले एमसीसीबारे कुरा उठाएपछि खरेलले अन्तर्राष्ट्रिय सम्बन्ध समितिमा छलफल गरिने बताएकी हुन्। अन्तर्राष्ट्रिय सम्बन्ध समितिको सोमबारको बैठकमा सबै राजनीतिक दलका सांसदहरूले एमसीसीबारे कुरा उठाएका थिए।

सांसदहरूले एमसीसीलाई प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले असोज १३ गते लेखेको पत्र कुटनीति मर्यादा विपरीत रहेको भन्दै त्यसबारे छानविन गर्न पनि माग गरेका थिए। सांसदहरूले एमसीसीबारे कुरा उठाएपछि समिति सभापति खरेलले त्यसका लागि बैठक बोलाएकी हुन्।

# कांग्रेसको प्रवक्तामा डा. महत

**झापा, माघ २४।** नेपाली कांग्रेसको प्रवक्तामा केन्द्रीय सदस्य डा. प्रकाशशरण महत मनोनित भएका छन्।



प्रधानमन्त्री एवम् पार्टी सभापति शेरबहादुर देउवाले पार्टीको विधान २०१७ (संशोधनसहित) को दफा २५ को उपदफा (४) बमोजिम सोमवार उनलाई प्रवक्तामा मनोनयन गरेको पार्टी कार्यालयले जनाएको छ।

पार्टी विधानको दफा २५ को उपदफा (४) मा पार्टी सभापतिका काम कर्तव्य अधिकारअन्तर्गत केन्द्रीय कार्यसमितिका पदाधिकारीको कार्य विभाजन गर्ने, कार्य विभाजन हेरफेर गर्ने र पार्टीका पदाधिकारी एवम् सदस्यमध्येबाट प्रवक्ता तोक्ने व्यवस्था छ।

सभापति देउवाले पार्टी सङ्गठनलाई थप सुदृढ एवम् गतिशील बनाउन महत्वपूर्ण सहयोग र सक्रियता रहनेछ भन्ने विश्वासका साथ उनलाई मनोनयन गरी उनको कार्य सफलताको कामना पनि गरेका छन्। यसअघि पार्टीको सहमहामन्त्रीको जिम्मेवारी सम्हालिसकेका डा. महत गत मंसीरमा सम्पन्न कांग्रेसको १४औं महाधिवेशनमा महामन्त्री पदका प्रत्यासी थिए।

## पत्रपत्रिका ...

भएको ठहर गरेको छ।

विज्ञप्तिमा भनिएको छ- 'पत्रपत्रिका प्रकाशन, वितरण, निरन्तरता, विषयवस्तुको प्रस्तुति, प्राविधिक पक्ष, भाषा, आकार, छपाई र कागजको गुणस्तर लगायतका विषयवस्तुप्रति गम्भीर बनेर पुनः वर्गीकरण गर्न आग्रह गर्दछौं।'

## जग्गादिन्छु ...

महानगरीय प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशराज मैनालीले चार आना जग्गा प्राप्त गर्न जनही रु. ५० हजारको फारम भर्न लगाई रकम लिई ठगी गरेको अभियोगमा उनीहरुलाई पक्राउ गरिएको जानकारी दिए।

पक्राउ परेका व्यक्तिले आफूहरु भूमि आयोगबाट आएका मान्छे भएको र सुकुम्वासीहरुलाई जग्गा वितरण गर्छौं, फारम भर्नुपर्छ भन्दै भूमिहीन दलित, भूमिहीन सुकुम्वासीले भर्ने निवेदन फारम भर्न लगाई पैसा असुल गरेको अनुसन्धानबाट खुलेको छ- उनले भने।

प्रहरीले पक्राउ गरेका व्यक्तिसँग ल्यापटप एकथान, चार्जर एकथान, प्रिन्टर एकथान, मोबाइल दुई थान, स्पिकर एकथान र भूमिहीन दलित, भूमिहीन सुकुम्वासीले भर्ने निवेदन फाराम बरामद गरेको छ। पक्राउ परेका व्यक्तिसँग थप अनुसन्धान भइरहेको प्रवक्ता मैनालीले बताए।

## कमल ...

लैजानुपर्ने बताए। महामन्त्री शाहीले पार्टीलाई सशक्त बनाउन सबै नेताहरू एकतावद्ध भएर अघि बढ्नुपर्ने आवश्यकता औंल्याइन्। थापा निकटवर्तीहरूका अनुसार उनले नयाँ पार्टी खोल्ने तयारी गरिसकेका छन्।

## झापामा ...

छाडेका अधुरा काम समेत पूरा गर्ने अध्यक्ष पाण्डेको भनाइ छ।

झापाका ग्रामीण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा सुकुम्वासी समस्या बढी देखिएको छ। मुख्य शहरी क्षेत्रहरू दमक, बिर्तामोड, मेचीनगर लगायतमा भूमिहीनहरू वर्षौंदेखि खोला किनार र सरकारी-ऐलानी जमिनमा बसोबास गर्दै आएका छन्।

## वैशाख ३०मा ...

तहको चुनाव सम्पन्न गरेको निर्वाचन आयोगले यसपाली निर्वाचन गराउन करिब १२ अर्ब रुपैयाँसम्म लाग्न सक्ने बताएको छ।

यसअघि २०७४ सालमा तीन चरणमा स्थानीय तहको निर्वाचन गरिएको थियो। पहिलो चरणको निर्वाचन भएको मितिलाई आधार मानेर निर्वाचन आयोगले त्यसको एक साता अर्थात् जेठ ५ लाई अहिलेका स्थानीय तहहरूको कार्यकाल समाप्त हुने मितिका रूपमा व्याख्या गर्दै आएको छ।


## पार्लर र मेकअप स्टुडियो बिक्रीमा

सम्पर्क : ९८४२७०३२४९, ९८०१४४७४१२

## वृद्धा स्याहार गर्ने महिला चाहियो

बिर्तामोडमा स्थायी घर भएकी, ज्येष्ठ नागरिकको स्याहारका लागि २०देखि ४५ बर्षसम्मकी एक जना महिलाको तु–आवश्यकता परेको हुँदा इच्छुक र स्याहारसुसार गर्न सक्ने महिलाले निम्न फोन नम्बरमा सम्पर्क गर्नुहोला।

तलबः आपसी समझदारीमा (आकर्षक)
सम्पर्क मितिः २०७८ माघ २२ गते शनिबारदेखि २८ गते शुक्रबारसम्म
सम्पर्कः ९८४२७११३०९, ९८०११२९५५६

नोटः बृद्धबृद्धा स्याहार गर्न अनुभव भएकालाई पहिलो प्राथमिकता दिइनेछ।

## तु- चाहियो

भारतको मुंवाईस्थित एक वहुप्रतिष्ठित Reliance कम्पनीद्वारा सेक्युरिटी गार्ड र 3 Star होटलको लागि वेटर माग भइ आएको छ। इच्छुकले तु–सम्पर्क गनुहोस्।
मो. ९८१५०२३१९९/९८२६९८७०७०

| विवरण | संख्या | दिन | घण्टा | खाना/बस्न | तलब | कैफियत |
|---|---|---|---|---|---|---|
| सामान्य सेक्यूरिटी गार्ड | केही | ३० | १२ | छ | १५,०००/ic | ५.५ उचाइ |
| मेडियम सेक्यूरिटी गार्ड | केही | ३० | १२ | छैन | ३०,०००/ic | ५.७ उचाइ |
| स्पेसल सेक्यूरिटी गार्ड | केही | ३० | १२ | छ | ६०,०००/ic | ५.८ उचाइ |
| भु.पु. इंन्डियन सेक्यूरिटी गार्ड | केही | ३० | १२ | छैन | ३५,०००/ic | सक्कल कागजात |
| वेटर पुरुष | केही | ३० | १२ | छ | १८,०००/ic | १० पास |

## सुनसहितको लेडीज ब्याग हराएको सूचना



यही मिति २०७८ माघ २१ गते शुक्रबार दमकबाट प्रदेश –१–०२–०४२ प ५६८३ नम्बरको आर्मी कलरको बुलेट मोटरसाइकलमा काँकरभिट्टा आउने क्रममा बिहान ७:१० बजे सुरुङ्गास्थित माइखोला पुल छेउमा आइपुग्दा लेडीज ब्याग हराएको थियो। झिलझिलेसम्म आइपुग्दा सेतो कलरको ब्याग काखैमा थियो। झिलझिलेदेखि माईखोला पुल नजिक आइपुग्दा लेडीज ब्याग साथमा थिएन। सो क्षेत्र आसपासमा लेडीज ब्याग खसेको थियो। उक्त बेगमा १० तोला सुन, केही नगद पैसा र मेकअपका सामानहरु थियो। सुनसहितको सो लेडीज ब्याग जो कोही महानुभावहरुले भेट्नुभएमा जिल्ला प्रहरी कार्यालय, नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु भए उचित पुरस्कारसहित सम्मान व्यक्त गर्दछौं।

तपसिल
नाम : उत्तम कटुवाल/सन्ध्या कार्की कटुवाल
मोबाइल : ९८६२१९८७१६/९८१७९२६९७३/९८४२६५९४५५
ठेगाना : मेचीनगर नगरपालिका–६, काँकरभिट्टा (झापा)

## जय श्री कृषि सहकारी संस्था लिमिटेडको कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सात दिने सूचना

प्रकाशित मिति : २०७८/१०/२५

यस संस्थाबाट विभिन्न मितिमा ऋण कर्जा लिई संस्थासँगको सम्झौता बमोजिम साँवा, ब्याज नबुझाउने र पटक–पटक मौखिक तथा लिखितरुपमा तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगर्ने ऋणीहरुलाई सात दिनभित्र संस्थामा आएर ऋणकर्जा चुक्ता गर्न यो सार्वजनिक सूचना मार्फत सूचित गरिन्छ। सात दिनभित्र चुक्ता नगरेमा नामावलीसहित सूचना प्रकाशित गरिनेछ।

जयश्री कृषि सहकारी संस्था लिमिटेड
कनकाई–७, झापा

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## कर्मचारी आवश्यकता

नेपाल सरकारबाट मान्यताप्राप्त यस ग्रेट फ्युचर मार्ट कम्पनीलाई कार्यालय सञ्चालन र शाखा विस्तारको लागि केही इमान्दार कर्मचारी आवश्यक भएकोले इच्छुक व्यक्तिले निवेदन दिनुहोला।

पदः T.O./ T.M./ A.M.
संख्याः ५ जना (महिला, पुरुष) तलबः १३,६००।–देखि १५०००।– सम्म
योग्यताः +२ पास सो सरह

सम्पर्कः ९८१०५५३८३५, ९८१७९३०७७२
GFM को कार्यालय, बिर्तामोड–४, झापा (भद्रपुर स्टेण्ड)
नोटः सञ्चयकोष र बोनसको व्यवस्था रहेको छ।


## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### प्रस्ताव स्वीकृतिको आशयपत्रको सूचना

*सूचना प्रकाशित मितिः २०७८/१०/२३*

यस कार्यालयको मिति २०७८/०९/२६ गते विभिन्न तालिम कार्यक्रम सञ्चालनको लागि प्रकाशित प्रस्ताव आह्वानको सूचना अनुसार पेश हुन आएका प्रस्तावहरुमध्ये यस कार्यालयको मिति २०७८/१०/२३ को निर्णय अनुसार तपशिल बमोजिमको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई प्रस्ताव छनौट गर्ने निर्णय भएको हुनाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ३५ को उपदफा (१) बमोजिम स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। छनौट प्रस्तावविरुद्ध सूचना प्रकाशित मितिले ७ दिनभित्र कुनै प्रस्तावदाताको उजुरी निवेदन पर्न नआएमा उक्त प्रस्ताव छनौट भएको मानी स्वीकृत गरिनेछ।

| सि.नं. | कार्यक्रमको नाम | सफल प्रस्तावदाताहरुको नाम र ठेगाना |
|---|---|---|
| १. | महिलाहरुका लागि लोकसेवा आयोग कक्षा सञ्चालन | साइबर स्पेश इन्स्टिच्यूट, दमक–५, झापा |
| २. | एडभान्स सिलाइ कटाइ तालिम | गोपाल गौरी दिगो विकास प्रतिष्ठान, शिवसताक्षी झापा |

गीताकुमारी राई : प्रमुख प्रशासकीय अधिकृत

## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### प्रस्ताव आह्वान सम्बन्धी जरूरी सार्वजनिक सूचना

*दोस्रो पटक सूचना प्रकाशित मितिः २०७८/१०/२५*

अर्जुनधारा नगरपालिकाको चालू आ.व. ०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रमहरुमध्ये तपशिल बमोजिमका कार्यक्रमहरु स्थानीय सेवा प्रदायक संस्थाहरुबाट गर्नुपर्ने भएकोले इच्छुक सेवा प्रदायक संस्थाले तपशिलको विवरण अध्ययन गरी सूचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा आवश्यक प्रस्तावसहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.सं. | कार्यक्रमको विवरण | रकम | कैफियत |
|---|---|---|---|
| २(१५५ | महिला लक्षित ढाका बुनाई तालिम (प्रविधि हस्तान्तरण सहित) | १५,००,०००।– | आर्थिक/प्राविधिक प्रस्ताव |
| ४(१६७ | विपन्न महिला लक्षित ड्राइभिङ तालिम | ५,००,०००।– | आर्थिक प्रस्ताव |

**प्रस्तावनाका साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. संस्था दर्ता र नवीकरण भएको प्रमाणपत्र।
२. आन्तरिक राजश्व कार्यालयमा VAT मा दर्ता भई आ.व. ०७७/०७८ को कर चुक्ता गरेको प्रमाणपत्र।
३. यस नगरपालिकामा सूचीकृत भई नगर क्षेत्रमा क्रियाशील भएको संस्थालाई प्राथमिकता दिइनेछ।
४. संस्थाको विधानमा उल्लेखित उद्देश्यसँग मेल खाएको हुनुपर्नेछ।
५. सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभवको प्रमाणपत्र पेश गरेको संस्थालाई प्राथमिकता दिइनेछ।
६. तालिम सञ्चालन गर्नुपर्ने स्थान तथा अन्य विवरण सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।
७. स्थानीय तहमा वा नेपाल सरकार/प्रदेश सरकारबाट त्यस्तै प्रकृतिका कम्तिमा १ वटा तालिम सञ्चालन गरेको हुनुपर्नेछ।
८. तालिम सञ्चालनको लागि तालिम प्राप्त प्रशिक्षकको प्रमाणपत्र र संस्थासँगको आबद्धता स्पष्ट भएको हुनुपर्नेछ।

*पुनश्चः कार्य क्षेत्रगत शर्त (TOR) का लागि नगरपालिकाको महिला तथा बालबालिका शाखामा सम्पर्क गर्नुहोला।*

गीताकुमारी राई : प्रमुख प्रशासकीय अधिकृत

## कनकाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
जामुनवारी, झापा
१ नं. प्रदेश, नेपाल

### भवन भाडामा लिने सम्बन्धी सूचना

*दोस्रोपटक प्रकाशित मिति : २०७८/१०/२५*
*प्रथमपटक प्रकाशित मिति : २०७८/०९/२१*

कनकाई नगरपालिकाद्वारा सञ्चालित यस कनकाई पोलिटेक्निक इन्स्टीच्यूटलाई तपशिल बमोजिमको भौतिक पूर्वाधार भएको भवन भाडामा लिनुपर्ने भएकाले भवन उपलब्ध गराउन चाहने इच्छुक घरधनी तथा संघ–संस्थाहरुले तपसिलको अधिनमा रही नक्सा पासको डकुमेन्ट, जग्गा धनीपूर्जा प्रतिलिपि र नेपाली नागरिकताको प्रतिलिपिसहित यो सूचना प्रकाशन भएको ७ दिन (मिति २०७८/११/०२) भित्रमा आफूले दिन चाहेको भाडा दर समेत उल्लेख गरी निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक पूर्वाधारहरु**

१) पूर्वमा लक्ष्मीपुर बजार तथा पश्चिममा सुरुङ्गा बजार पूर्वपश्चिम राजमार्गको ७०० मिटर आसपासमा हुनुपर्ने।
२) पानी बिजुली तथा इन्टरनेटको सेवा पुगेको हुनुपर्ने।
३) आवश्यक कोठा संख्या न्यूनतम् १७ वटा साइज (कोठा कम्तीमा १८X२२) को हुनुपर्ने ।
४) आवश्यक मात्रामा शौचालय हुनुपर्ने (छात्र, छात्रा र स्टाफ)
५) कम्तीमा १०० वटा मोटरसाइकल, केही साइकल तथा गाडीको लागि पार्किङको सुविधा हुनुपर्ने।
६) कुनै पनि संगठित संस्था वा निजी तथा सरकारी विद्यालयहरुले घरभाडा उपलब्ध गराउन चाहेमा उपलब्ध गराउने स्थानमा (भवनमा) छुट्टै गेट/प्रवेशद्वार तथा खेलमैदानको समेत सुविधा हुनुपर्नेछ।
७) संगठित संघ–संस्थाले भाडा उपलब्ध गराउन चाहेमा सञ्चालक समितिको निर्णय प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।
८) भाडा दररेट आपसी सहमतिमा हुनेछ ।

मोहनप्रसाद न्यौपाने : प्रमुख प्रशासकीय अधिकृत

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी–९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# संगीत क्षेत्रमा अपूरणीय क्षति

**तीन वर्षअघि चीनबाट शुरु भएको महामारीले मानव सभ्यतामै ठूलो क्षति पुऱ्याएको छ । लाखौं मानिसको असमय मरण भएर भएको क्षति बेहिसाब छ । समय–समयमा रुप परिवर्तन गर्दै विस्तार हुँदै गएको कोरोना भाइरसका कारण ज्यान गुमाउन बाध्य परिवारको पीडा कहिल्यै कुनै विधिले पनि कम गर्न सक्दैन । अहिले पनि त्यसकै परिवर्तित स्वरुप ओमिक्रोनले विश्वभरि नै त्रास सिर्जना गरिरहेको छ । यद्यपि त्यसको असर अघिल्लो रुपको भन्दा कम विनाशक भनिएको छ । तथापि संक्रमण रोकिएको छैन, मृत्युदर कम भए पनि मरण भइरहेकै छ । यही ओरालो लागेको संक्रमणका बीच पूर्वी संसारकी संगीत क्षेत्रकी उज्ज्वल नक्षत्र लता मङ्गेशकरको स्वर्गारोहण भएको छ । हजारौं कर्णप्रिय तथा कालजयी गीत–संगीतको स्रष्टाको देहावसानले सांगीतिक क्षेत्र अहिले शोकमा डुबेको छ ।**

**संगीतलाई कुनै पनि देशको भूगोलले अलग गर्न सक्दैन । भनिन्छ, संगीतले मानिस र प्राणी मात्रलाई होइन सारा प्रकृतिलाई आकर्षित गर्न सक्ने क्षमता राख्छ । त्यसैले हुनसक्छ लताको श्वरले नेपाली संगीत जगत पनि प्रभावित थियो । विश्वलाई संगीतको जादुले आफूतर्फ आकर्षित गर्न सक्ने उनको क्षमतालाई कतिपयले 'ईश्वर प्रदत्त' क्षमता भन्ने गरेका थिए । विश्वका छत्तीस वटा भाषामा पचास हजारभन्दा बढी गीतमा स्वर दिएकी लताले चलचित्रकै मात्रै हजारभन्दा बढी गीत गाएकी थिइन् । तेह्र वर्षकै उमेरदेखि गायन यात्रा शुरु गरेकी विश्वभरका उनका प्रशंसकहरुले अत्यन्त सम्मान गरेर 'दिदी' भनेर सम्बोधन गरिएको लताले छत्तीस वटा भाषामा गीत गाएकी थिइन् । ती मध्ये नेपाली भाषामा गाएको गीत पनि त्यत्तिकै चर्चित छन् ।**

**कोकिल श्वरकी धनी लताको निधनले संगीत क्षेत्रलाई अपूरणीय क्षति पुऱ्याएको छ । भारतका सर्वोच्च सम्मानद्वारा सम्मानित उनको निधनमा भारत सरकारले दुई दिन राष्ट्रिय शोक मनाउने घोषणा गरेर उनीप्रति विशेष सम्मान प्रकट गरेको छ । अनौपचारिक शिक्षा मात्र लिएको लता मङ्गेशकरको सांगीतिक यात्रा र प्राप्त सफलता उनको कठोर साधनाको प्रतिफल थियो । स्वधर्म र संस्कृतिमा रमाउनुपर्छ र त्यस्तै मर्नुपर्छ भन्ने मान्यता राख्ने लता दिदीको जीवनबाट ग्रहण गर्नुपर्ने कुरा धेरै छन् । नेपाली संगीत क्षेत्रमा लाग्नेहरुले उनको जीवन र कर्मबाट प्रेरणा लिन सक्ने नेपाली संगीतले पनि नयाँ उचाइ प्राप्त गर्न सक्छ । अलविदा स्वरकिन्नरी लता दिदी ।**

सामाजिक सञ्जाल



भित्र-भित्र राष्ट्रघात बाहिर-बाहिर राष्ट्रवाद ! माछा देखे भित्र हात, सर्प देखे बाहिर हात ! भित्र खाओवाद बाहिर माओवाद ! नेपाली राजनीति जबसम्म यो पाखण्डी दुईजिब्रे प्रवृत्तिबाट मुक्त हुँदैन तबसम्म देश बन्दैबन्दैन । एमसीसी जुन ढंगले गिजोलिँदैछ त्यसको परिणाम गम्भीर हुनसक्छ ! अति भए खति हुन्छ है !

**– बाबुराम भट्टराई**



एमसीसी पास नगरौं । यो आफ्नै घुँडामा आफैले बञ्चरो हान्दैछ । यदि कसैले यसको समर्थन गर्छ भने उसले आफ्नो मात्र होइन आफ्नो बंशज नै समाप्त पार्दैछ ।

**– रुपक खनाल**



गाउँ, शहरमा सम्पन्नहरूले गरिब विपन्न मान्छेलाई कसरी हेप्छन्, कस्तो व्यवहार गर्छन् ? सम्झनुहोस् त, हो त्यस्तै व्यवहार गर्छन् धनी देशले गरिबीको रेखामुनि रहेका देशलाई । एमसीसी मामलामा सार्वजनिक पत्र त्यसकै उदाहरण हो । सहयोगमा सबैको स्वार्थ हुन्छ । स्वार्थरहितको सहयोग कसैले काहीँ कहिल्यै गर्दैनन् ।

**– रोशनहरि अधिकारी**

# एमसीसीको मायाजाल



**चिन्तामणि दाहाल**

विगत पाँच बर्षदेखि एमसीसी अर्थात् अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेसन व्यापक चर्चा/परिचर्चा, विश्लेषण/संश्लेषण, तर्क/कुतर्क/वितर्क, भावनात्मक राष्ट्रियताको बहस, अन्तर्राष्ट्रियस्तरमा रहने इज्जत र बेइज्जत, छलफलको पराकाष्टा, गल्ली, टोल, चिया पसल, होटल, बस यात्रा, ट्याक्सी यात्रा, डाइनिङ टेबल, पति-पत्नीबीचको गफगाफ, अखबार र अनलाइनका पानाहरु, समाचारका पानाहरु, दल र दलका नेताहरुबीचका तातो-तातो बहस आदिमा अल्झिएर पनि सुल्झन नसकेकेको मुद्दा भएको छ।

यति धेरै बहस र विवाद सायदै अरुण तेश्रो जलविद्युत आयोजना भारतलाई दिने या नदिने विषयमा २०५० को दशकमा भएको थियो होला। हुन त नेपाली जनता जुन मुद्दामा व्यापक बहस गर्छन् ती मुद्दा नेपालकै हितमा भए पनि खारेज हुन्छन्। अनि धेरैपछि पछुतो गर्छन्। अहिले एमसीसीका बारेमा त्यो भन्दा बढी बहस र छलफल भइरहेको छ। सायद यो मुद्दा पनि प्रष्ट नबुझी खारेज नहोस् र पछि पछुतो नहोस्। किनकि यो मुद्दा आर्थिक सहयोग मात्र नभएर यसमा राजनीतिक, कुटनीतिक, सैन्य, अन्तर्राष्ट्रिय सम्बन्ध, नेपालको परराष्ट्र नीति, भारत र चीनबीचको सन्तुलित सम्बन्ध, नेपालको सुरक्षित भविष्य लगायतसँग पनि जोडिएकोले विशेष महत्वको छ।

एमसीसी अमेरिकाको इण्डो प्यासिफीक सैन्य रणनीतिको अंग हो/होइन भन्ने विषय नेपाल र नेपाली जनतामाझ अझै छिनोफानो भएको छैन। दल र दलका नेता तथा अभियन्ताहरु मै विवाद छ। मतैक्यता छैन। अन्योल छ। यात उनीहरुले प्रष्ट बुझेका छैनन् या त बुझ पचाइराखेका छन्। नेपालसँग पाँच बर्षअघि भएको सम्झौतामा एमसीसी इण्डो प्यासिफिक सैन्य रणनीतिको अंग हो भनेर कतै उल्लेख छैन। तर, इण्डो प्यासिफीक सैन्य रणनीतिमा एमसीसीलाई आर्थिक सहयोगको अंग भनिएको छ। त्यसैले एमसीसीलाई पंक्तिकारले मायाजाल भनेको हो।

**मायाजाल :**

संसारका धेरै मुलुकले एमसीसीलाई स्वीकार गरेका छन् भने एसीया प्रशान्त क्षेत्रका केही देशले भने अस्वीकार गरेका छन्। नजिकैको उदाहरण भनेको श्रीलंका हो। उसले एक बर्षअघि नै एमसीसी नस्वीकार्ने भनेर अमेरिकालाई जनाइसकेको छ। श्रीलंकामा हाम्रै जस्तो गरी एमसीसी लिने वा नलिने विषयमा व्यापक विवाद, बहस र छलफल भएको थियो। त्यसैले उसले अस्वीकार गर्नुअघि विज्ञहरुको सर्वपक्षीय समिति बनायो। समितिले एमसीसी श्रीलंकाको हितमा छैन भनेपछि श्रीलंका सरकारले एमसीसीलाई अस्वीकार गर्ने निर्णय गरेको थियो।

एमसीसी श्रीलंकाको हितमा छैन भने नेपालको पनि हितमा नहुन सक्छ भन्नु एउटा तर्क हो भने श्रीलंकाको हितमा नहुँदा एमसीसी नेपालको हितमा हुन सक्छ भन्नु पनि अर्को तर्क हुन सक्छ।

त्यसैले तर्क र बहसकै क्रममा एमालेका अध्यक्ष तथा महान राष्ट्रवादी केपी शर्मा ओलीसहितको ठूलो तप्का एमसीसी नेपालको हितमा भएकोले स्वीकार्नु पर्छ भन्ने पक्षमा छ भने कांग्रेसमा पनि सभापति शेरबहादुर देउवा र नेताहरुको ठूलै तप्का एमसीसी नेपालकै हितमा रहेकोले स्वीकार्नुपर्छ भन्ने पक्षमा छ। संघीय समाजवादीका नेता र पूर्व प्रधानमन्त्री डा.बाबुराम भट्टराई जो प्रधानमन्त्री भएका बेला एमसीसी सम्झौतामा हस्ताक्षर भएको थियो उनी र उनीसहितका नेता पनि एमसीसीका पक्षमा छन्।

मात्रै अहिले बड्का राष्ट्रवादी सावित गर्न अग्रसर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, सभामुख अग्नी सापकोटा र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधब नेपाल र नेता झलनाथ खनाल भने ओली र देउवाभन्दा फरक विचार राखेर जनतामा चुनावमा गएर फाइदा लिन सकिन्छ कि भनेर यसलाई अस्वीकार गर्ने अथवा टार्दै लाने रणनीतिमा छन्।

यसरी बहस मै अल्झाएर एमसीसीलाई माया जाल बनाइँदैछ। वास्तव मै यो देशको अहितमा छ भने सबैले एकमतले अस्वीकार गर्नुपर्छ र होइन अहितमा छैन भने बेझिझक स्वीकार गर्नुपर्छ। यसमा स्पष्ट हुन सकिन्छ, तर सुधार वा संशोधन हुन सक्दैन भनेर अमेरिकाले भनिसकेको सन्दर्भमा अब हाम्रा नेताहरु र अभियन्ताहरु अलमलमा बसेर वा यसलाई आफ्नै कुरणनीतिको मुद्दा बनाएर वा कुतर्क गरेर देशलाई अन्तर्राष्ट्रिय क्षेत्रमा बेइज्जत हुनबाट जोगाउनु पर्छ।

**एमसीसी हो के ?**

एमसीसी इण्डो प्यासिफक सैन्य रणनीति अन्तर्गतको आर्थिक सहयोग गर्ने अप्रत्यक्ष माध्यम हो। यसमा प्रत्यक्ष सैन्य रणनीतिको उल्लेख छैन। तर, प्रकारान्तरले सैन्य रणनीति कै अंग हो।




नेपालले चाहने हो वा उसको हितमा छ भने त्यस रणनीतिको अंग बन्न सक्छ। यदि बन्ने हो भने सहयोग लिनु देशको हितमै हुन्छ। यदि रणनीतिको अंग नबन्ने हो र नबन्दा नै देशको हितमा छ भने सहयोग लिनु हुन्न। यो आफैंमा राष्ट्रियता विरोधी वा समर्थक होइन। यदि एमसीसी लिने हो भने नेपालको असंलग्न परराष्ट्र नीति धरापमा पर्छ।


दुई ठूला ढुंगाबीचको तरुल झैं चेपिएको नेपालले चिन विरोधी अमेरिकी सैन्य रणनीतिमा पस्नु हुन्न। त्यसैगरी चीन विरोधी अखडा बनेर भारतको अहितमा हुने काम पनि गर्नुहुन्न भने नेपाललाई शक्ति राष्ट्रको रणमैदान बन्नबाट पनि नेपाल जोगाउनुपर्छ। त्यसैले अहिले एमसीसीको मायाजालमा नेपाल नपस्नु हितकर हुन्छ। यदि प्रचण्ड र नेपाल जस्ता ठूला नेता र कांग्रेस र एमाले कै पनि केही नेताले भने जस्तो अस्पष्ट भएका बुँदामा वा आशंकित बुँदामा अमेरिकाले स्पष्ट गऱ्यो र त्यो चित्त बुझ्दो भएमात्र एमसीसी सहयोग लिनु उपयुक्त हुन्छ।

**अन्त्यमा,**

कुनै पनि देशले नेपाललाई अनुदान दिन सक्छन्। त्यो अनुदानभित्र दिनेको प्रत्यक्ष वा परोक्ष ढंगको स्वार्थ लुकेको हुन्छ। नेपालले यसअघि भारत वा चीनसँग लिएका अनुदानमा पनि र अब लिने अनुदानमा पनि उनीहरुको स्वार्थ छ र हुन्छ। यसै परिप्रेक्ष्यमा नेपालले स्वनिर्णय गर्नुपर्छ। त्यो पनि सहमतिमा। यसका लागि अहिलेको द्विविधाबाट मुक्त हुन र अमेरिकालाई पनि जवाफ दिन सरकारले संसदमा एमसीसीलाई अनुमोदनका लागि पेश गर्नुपर्छ। संसदमा खुल्ला छलफल गराएर दलीय ह्वीप नलगाई भोटिङ गराएर निर्णय गर्न दिनुपर्छ। यही गर्ने सहमतिमा एमसीसी लिन सकियो वा अस्वीकार गरियो भने भोलि हुने समस्यासँग जुझ्न एकजुट भएर जान सकिन्छ।

**संघीय समाजवादीका नेता र पूर्व प्रधानमन्त्री डा.बाबुराम भट्टराई जो प्रधानमन्त्री भएका बेला एमसीसी सम्झौतामा हस्ताक्षर भएको थियो उनी र उनीसहितका नेता पनि एमसीसीका पक्षमा छन् ।**

# आगामी निर्वाचन र अबको बाटो





**गोकुलप्रसाद अधिकारी**

गणतन्त्र प्राप्तिपश्चातको पहिलो स्थानीय निर्वाचन २०७४ ले आफ्नो कार्यकाल समाप्त गर्नै लागेको अवस्थामा अबको निर्वाचनद्वारा निर्वाचित जनप्रतिनिधिहरुले गर्नुपर्ने विगतमा थातिरहेका विकास निर्माणका कार्यहरुको सूची निर्माण गरी प्राथमिकता निर्धारण गर्दै कार्यसम्पन्न गर्दै जानुपर्ने चुनौति एकातर्फ छ भने अर्कोतर्फ हालसालै सम्पन्न भएका विभिन्न दलहरुका महाधिवेशनमा आफ्नै दलमा विभिन्न तहमा उमेद्वारी दिई आ-आफ्ना प्रतिस्पर्धामा रहेका प्रतिस्पर्धिहरुलाई न्यायोचित व्यवस्थापन गर्नुपर्ने र उनीहरुलाई समेत अपनत्व स्वीकार गराउने गरी वातावरण निर्माण गर्नु झनै ठूलो चुनौति रहको देखिन्छ।

लोकतन्त्रको सुन्दर पक्ष भनेकै निवार्चन प्रणाली हो र यसको उच्चतम प्रयोगले मात्र लोकतन्त्रलाई बलियो बनाउँछ भन्ने सर्वस्वीकार्य सिद्धान्तलाई समेत बेवास्ता गर्दै अमूक व्यक्तिले आफ्नै दलमा मेराविरुद्ध उम्मेद्वारी दिएको हुँदा उक्त व्यक्ति वा समूहलाई निषेध गरेर वा पेलेरै जानुपर्छ भन्ने दरिद्र मानसिकताबाट ग्रसित व्यक्तिहरुको सोचले लोकतन्त्रलाई कदापि बलियो बनाउन सक्दैन अपितु आफू र आफ्नै पार्टीलाई समेत राजनीतिक हिसाबले ठूलो क्षति हुने कुरामा सबै राजनीतिक दलका व्यक्ति र समूहहरु सचेत रहनुपर्ने देखिन्छ।

मैले वा मेरै समूहले एकलौटी रुपमा पार्टी सञ्चालन गर्नुपर्छ र त्यसमा मेरै मात्र वा मैले चाहेकै व्यक्तिको उम्मेद्वारी मात्र सही हो भन्ने भावनामा जबसम्म परिवर्तन आउन सक्दैन तबसम्म पार्टी रुपान्तरणका जतिसुकै नारा घन्काए पनि सही अर्थमा त्यसको मूल्य लगभग शून्य नै रहन्छ। त्यस्तै पार्टीमा शुद्धिकरण, सुदृढीकरण, संगठन बिस्तार र सशक्तिकरण नै परिवर्तनकारी शक्तिहरुको मूल उद्देश्य हुनुपर्दछ।

हाम्रालाई भन्दा राम्रालाई अवसर दिनु पनि पार्टी शुद्धिकरणको अभिन्न अंग हो। घात र अन्तरघातले सिर्जना गर्ने अन्तिम नतिजा नै चुनावी प्रतिस्पर्धामा आफ्नो पराजय र विपक्षी प्रतिस्पर्धीको विजयको सुनिश्चितता हो। त्यसैले आफ्नै दलमा कुनै पनि बहानामा कसैप्रति पनि घात र अन्तरघात हुनुहुँदैन र कथंकदाचित त्यस्तो भएको पाइएमा पार्टीको नेतृत्वपंक्तिले उचित दण्ड र आवश्यक सजाय दिन चुक्नु हुँदैन, त्यसो गर्नाले मात्र भविष्यमा ती र त्यस्तैखाले अन्य आपराधिक प्रवृत्तिले प्रश्रय पाउने छैनन्।

हामीद्वारा विगतका निर्वाचनहरुमा प्रत्यक्षरुपले संगालिएका अनुभवहरु आजपर्यन्त जिवित छन् र जहाँ-जहाँ घात र अन्तरघातीहरुले खेल्ने अवसर पाए त्यहाँ-त्यहाँ झिनो मतान्तरले आफ्ना पार्टीका उमेद्वारहरुले पराजय व्यहोरेका अनगिन्ती उदाहरणहरु हाम्रासामु छर्लङ्ग छन्। अन्तरपार्टी निर्वाचनका प्रतिस्पर्धीहरुलाई वर्ग शत्रू सम्झने परीपाटी जबसम्म विद्यमान रहन्छ, तबसम्म आगामी सबै प्रकारका निर्वाचनहरुमा आफ्ना दल विशेषका उमेद्वारहरुले पराजयको सामना गर्नुपर्ने तथ्यलाई कसैले पनि नकार्न सक्दैन।

हामीले देखे र भोगेका छौं कि कुनै पनि राजनीतिक पार्टीलाई चरम असफलतातर्फ पुऱ्याउन त्यस पार्टीमा उत्पन्न भएको गुट र उपगुटले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। जनलहरको उत्कट विश्वास र प्राप्त अभिमतले लगभग दुईतिहाइको बहुमतसहितको सरकारले समेत आफ्नो पाँच वर्षे कार्यकाल पूरा नगरीकनै सत्ताच्यूत भई सडकमा भौतारिनु परेको तथ्य पनि गुट र उपगुटबाट सिर्जित नाटकीय मञ्चनको दुष्परिणाम हो। प्राप्त जनमतको न्यायोचित सदुपयोग नभएकोमा कैयन मतदाताहरु दुःखी र विचलित भएको अवस्थामा आउन लागेको निर्वाचनले दिने समग्र परिणाम पक्कै पनि कसैको स्पष्ट बहुमतको नभई मिश्रित हुन सक्दछ। त्यसैले कुनै पार्टीले व्यहोरेको गुटबन्दीको नकारात्मक असरबाट अन्य पार्टीले गतिलो पाठ सिक्ने प्रयास गरुन् । र, घात र अन्तरघात गरी आत्मरतीमा रमाउनुभन्दा सिंगो पार्टीपंक्ति एकढिक्का भएर आगामी सबै निर्वाचनमा सहभागी हुँदा सुखद् परिणाम आउने विश्वास लिन सकिन्छ।

महाधिवेशनका क्रममा देखिएका तिक्ततापूर्ण अनुभवहरुलाई दुस्वप्न सम्झेर सिंगो पार्टी एकढिक्का भई निर्वाचनमा होमिँदा मात्र अपेक्षित परिणामहरु प्राप्त हुन सक्छन्। स्थानीय लगायत सम्पूर्ण निर्वाचनहरुमा उमेद्वारी चयन गर्दा आफ्नो गुणगान गाउने र झोले-भरौटेहरुभन्दा जनमतले पत्याएको, न्याय र विकासप्रेमी व्यक्तिको चयन हुँदा मात्र स्थानीयदेखि केन्द्रसम्म नै असल व्यक्तिको चयन भई जन अपेक्षित कार्यसम्पन्न गर्न सहज हुनेछ। गत २०७४ सालको आम निर्वाचनमा झिनो मतान्तरले पराजय भोगेका असल र सर्वस्वीकार्य व्यक्तिहरु उमेद्वारी चयनमा कसैगरी पनि छुट्नु हुँदैन। पार्टी सञ्चालन र व्यवस्थापनमा निरन्तर योगदान दिने व्यक्तिहरु चयनको क्रममा पहिलो प्राथमिकतामा पर्नु पनि निर्वाचन परिणाम आफ्नो पक्षमा पार्ने एउटा बलियो उपकरण सावित हुन सक्दछ।

गत महाधिवेशनमा विभिन्न पदमा अन्तरपार्टी उमेद्वारी दिएर आफ्नो बलियो उपस्थिति जनाउने व्यक्तिहरुको मनोभावलाई निर्धारित समयमै उचित सम्बोधन गर्न सकिएन र विगत झैं बेवास्ता गर्दै अगाडि बढिरहने हो भने सबैभन्दा पुरानो र लोकतन्त्रको लागि अविरल लडिरहने नेपाली कांग्रेस जस्तो पार्टीको साखको थप क्षय हुनबाट कसैले पनि रोक्न सक्दैन। त्यसैले नेतृत्व वर्गले समय रहँदै सबै तह र तप्काका नेता कार्यकर्ताहरुलाई छलफलमा सहभागी गराई विगतमा कुँडीएका मनहरुलाई माझ्ने वातावरण सिर्जना गरी सिंगो पार्टीपंक्तिलाई पुर्नजीवन दिन ढिला भइसकेको सन्दर्भमा आजैका मितिबाट उपरोक्त अनुसारका शुभकार्यहरुको शुरुवात आफैंबाट होस्, सबमा अग्रिम शुभकामना।

# पत्रकार दवाडीद्वारा प्रेस क्लबलाई आर्थिक सहयोग



**शिवसताक्षी, माघ २४।** अग्रज पत्रकार छविलाल दवाडीले सताक्षी प्रेस क्लबलाई ५० हजार रुपैयाँ आर्थिक सहयोग गरेका छन् ।

सताक्षी प्रेस क्लबका संस्थापक अध्यक्ष तथा सतासी साप्ताहिक खबर पत्रिकाका सह-सम्पादक समेत रहेका दवाडीले आफ्नो दिवंगत श्रीमतीको स्मृतिमा अक्षयकोष स्थापनार्थ आर्थिक सहयोग गरेका हुन् ।

दिवंगत श्रीमती युन्तिदेवीको बार्षिकी पारेर सताक्षी प्रेस क्लबका अध्यक्ष सेलिङ केसी, सहसचिव गोबिन ल्वागुन तथा सदस्य सोनिका राईलाई संयुक्तरुपमा उक्त चेक हस्तान्तरण गरेका हुन् । उनकी श्रीमतीको गत बर्ष फागुन ४ गते सरस्वती पूजाको दिन ५९ बर्षको उमेरमा हृदयघातको कारण निधन भएको थियो ।

दवाडीले आफू लामो समयदेखि पत्रकारिता गर्दै आएको र पत्रकार तथा साहित्यकारहरुप्रति सधैँ माया र साथ सहयोग गर्ने श्रीमतीको भावना रहेकोले उनको इच्छा अनुसार पत्रकारिता तथा साहित्य क्षेत्रमा उत्कृष्ट कलम चलाउने पत्रकार तथा साहित्यकारलाई पुरस्कृत गर्नका लागि अक्षयकोष स्थापना गरेको दवाडीले बताए । हाल सताक्षी प्रेस क्लबमा  मनाहाङ सेलिङ स्मृति अक्षयकोष रहेको छ ।

# बोझो घाँटी दुखेकोदेखि स्मरणशक्ति बढाउनेसम्म

बोझो एक प्रकारको वनस्पती हो । यो सामान्यतया पहाडी क्षेत्रमा पाइन्छ । विशेषगरी बोझो ओसिलो ठाउँमा फस्टाउँछ । जसलाई रोपेको एक वर्षपछि प्रयोग गर्न मिल्छ । एकपटक राम्ररी फस्टाएको बोझो मासिएर जाँदैन । बोझो कतिपय ठाउँमा आफैँ फल्छ कतिपय ठाउँमा रोप्नुपर्छ । यसलाई गमलामा फूल जसरी रोप्न सकिन्छ । बोझोको पात सधैँ हरियो हुनाले यसले सुन्दरता र सुगन्ध दुबै दिन्छ । बोझोको जरालाई उखालेर त्यसलाई टुक्रा बनाएर त्यतिकै चपाउन सकिन्छ ।

लामो समयसम्म प्रयोग गर्नको लागि भने यसलाई टुक्रा बनाएर सुकाउन सकिन्छ । सुकाएको बोझोलाई आवश्यकता अनुसार प्रयोग गर्न सकिन्छ । बोझो स्वास्थ्यको लागि मात्र नभई भण्डारण गरेको बालीलाई किराबाट बचाउनको लागि पनि प्रयोग गर्न सकिन्छ । सुकाएर राखेको बोझोलाई बालीमा राख्दा किरा लाग्दैन ।



कसैलाई भने बोझोको वासना र स्वाद मन पर्दैन । टर्रो स्वादको हुने भएकाले धेरैले खाँदैनन् । तर, बोझोले घाँटी दुखेकोदेखि स्मरणशक्ति बढाउनेसम्मको काम गर्छ । बोझोमा पाइने रसायन मस्तिष्क विकासका लागि लाभदायक मानिन्छ । चिसोमा धेरैलाई घाँटी खसखसाउने, खोकी लाग्ने, स्वर बस्ने जस्ता समस्या देखा पर्छन् । त्यसको लागि बोझो उपयोगी हुन्छ ।

**बोझोका अन्य फाइदा**

- बोझोले खोकी लागेको, स्वर बसेको र घाँटी दुखेको निको हुन्छ
- पेट सम्बन्धी गडबडीमा पनि यसको प्रयोग उपयोगी हुन्छ
- स्मरणशक्ति बढाउँछ
- मानसिक तनाव कम गर्छ
- शरीर वा जोर्नीको दुखाइ निको पार्न मद्दत गर्छ
- दाँतको दुखाइ कम गर्छ
- बाथको लागि पनि बोझो उपयोगी मानिन्छ
- दम रोगीका लागि बोझो प्रभावकारी मानिन्छ
- टन्सिल निको पार्न सघाउँछ
- भोक जगाउँछ
- पिनासको समस्या निका पार्न सघाउँछ
- दम र उच्च रक्तचापको लागि पनि बोझो उपयोगी मानिन्छ ।


## पार्लर बिक्रीमा

बिर्तामोडस्थित एमिटी कलेज छेउमा चालू अवस्थामा रहेको ब्यूटीपार्लर बिक्रीमा छ ।
सम्पर्क : ९८१८८७९७३६/९८२४९६८८२४

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की अब प्रति ट्यांकी रु. २०००।- मा सफाई गरिने छ ।



सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्क:
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्द २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो  हुने शरीरको एक वा दुबै भाग नचल्ने,   मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:00 बजेदेखि मेची अञ्चल अस्तालबाट

सम्पर्क : कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५

नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ ।

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।



सम्पर्क: ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ्ग कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
अतिथिसदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९, ९८४२६२५३५३/९८१४०३६३४४

## ठाकुर पोलिक्लिनिकमा विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा

**डा. पिताम्बर ठाकुर**
MBBS MD (TU) NMC 1914 Consultant Physician
समयः दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि

**हाम्रा थप सेवाहरु :**

- डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
- डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
- डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
- डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
- डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
- डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ
- डा. यज्ञराज खरेल : वरिष्ठ हाडजोर्नी तथा नसा रोग विशेषज्ञ

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ ।

पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा, फोन :०२३-५९०००८, ९८१७९६४७७१

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## G4S कुवेतमा सेक्युरिटी गार्ड र USS दुबईमा DPS गार्डहरूलाई रोजगारको धमाका

कम्पनी : BAKMART CO.
LT No. 212236 | चलानी नं. ६०१३२६९७

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Packing Helper | 80 | 800/- AED | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |
| २. | DPS Security Guard महिला/पुरुष | 100 | 2200/-AED | १२ घण्टा २६ दिन | | |

फाइनल अन्तरवार्ता यही माघ २७ गते बिहीबार बिर्तामोडमा हुनेछ ।

कम्पनी : G4s Security Company, Kuwait

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Security Guard महिला/पुरुष | 150 | 142/- KD | १२ घण्टा २६ दिन | छैन/छ | २ वर्ष |

सेक्युरिटी गार्डको लागि उमेर २० वर्षदेखि ४० वर्षसम्म हुनुपर्नेछ ।
बेसिक सेलरी १४२KD भएता पनि यसभन्दा अघि गएकाले २४०KD कमाइरहेका छन् ।

फाइनल अन्तरवार्ता यही माघ २६ गते बुधबार बिर्तामोडमा हुनेछ ।

**सगुन ओभरसिज सर्भिसेज प्रा. लि. (सगुन होम)**
डिल्लीबजार, काठमाडौं (फोन सम्पर्क : ९८०८०७४५९८, ९८०३०७४४३९)

## उपकार ब्राण्ड

अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यलिय बितमिोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३


## जनहितमा जारी सन्देश

कोभिड-१९ को नयाँ भेरियन्ट ओमीक्रोन भाइरसको संक्रमण बिर्तामोड नगरपालिका क्षेत्र भित्र पनि अत्याधिक फैलिएको हुनाले सबैजना सजग बनौं ।

- मास्कको सही प्रयोग गरौं ।
- भौतिक दूरी कायम गरौं ।
- बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं ।
- भिडभाड नगरौं ।
- स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरौं ।
- कोरोनाविरूद्धको खोप अनिवार्य लगाऔं ।

कोभिड–१९को लक्षण देखिएमा वा त्यस्तै प्रकारको स्वास्थ्य समस्या देखिएमा तुरुन्ते नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।

बिर्तामोड नगरपालिका
प्रदेश नं. १, झापा, नेपाल



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

[redacted]

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन् ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** धार्मिक यात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिनेछ । व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** स्वास्थ्य प्रतिकूल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** यथेष्ट धनलाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** बोलिमा विचार पु्र्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनिन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दूरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसलाले मन हर्षित हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्ने छ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ खर्चिलो योग रहेको छ ।